
annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १७६ पृष्ठ ८ | काठमाडौं, सोमबार १२ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष एकादशी नेपाल संवत् ११४४ | MONDAY, OCTOBER 28, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सहकारी बेथितिको ‘इपिसेन्टर’ बागमती

ग्रामीण भेगका नागरिकको जीवनस्तर उकास्न भूमिका खेल्नुपर्ने सहकारी सहर केन्द्रित छन् । सहर केन्द्रित मात्र छैनन्, ती सहकारी बेथितिको केन्द्र पनि बनिरहेका छन् । सहकारीमा हुनेखानेकै हालीमुहाली छ । गाउँका भन्दा सहरका नागरिकहरू सहकारीमा जोडिएर नागरिकको बचत हिनामिना गरेका छन् । सबैभन्दा बढी बेथिति बागमती प्रदेशमा देखिएको छ । प्रदेश सरकार मातहत रहेका बागमती प्रदेशका १३ जिल्लाका २ हजार ७ सय १६ वटा बचत तथा ऋण सहकारी संस्थामध्ये २ सय ४५ वटा समस्याग्रस्त र समस्या उन्मुख छन् ।




**बागमती प्रदेशमा भएका बचत तथा ऋण सहकारी संस्था**

| जिल्ला | सहकारी संख्या | समस्या ग्रस्त | समस्या उन्मुख |
|---|---|---|---|
| भक्तपुर | २०४ | ० | ० |
| काभ्रेपलाञ्चोक | २३९ | ४ | ३७ |
| ललितपुर | ४८१ | ० | ४१ |
| काठमाडौं | ८६६ | ११ | ८५ |
| मकवानपुर | १३५ | ७ | १२ |
| चितवन | २०६ | ११ | १८ |
| दोलखा | १५९ | २ | ० |
| धादिङ | ६७ | ३ | ० |
| रामेछाप | १७३ | ० | ० |
| सिन्धुली | ७७ | १ | १२ |
| नुवाकोट | १९ | १ | ० |
| रसुवा | १२ | ० | ० |
| सिन्धुपाल्चोक | ७८ | ० | ० |
| जम्मा | २७१६ | ४० | २०५ |

**तीन तहको सरकारअनुसार सहकारी संख्या**

संघअन्तर्गत
१४७

प्रदेशअन्तर्गत
७,०००

स्थानीय तहअन्तर्गत
२४,०००

स्रोत : सहकारी विभाग

**क्षेत्रगत रूपमा देशभरका कुल सहकारी संख्या**

| बचत तथा ऋण सहकारी | बहुउद्देश्यीय सहकारी | कृषि सहकारी | दुग्ध सहकारी | उपभोक्ता सहकारी | विद्युत्सँग सम्बन्धित सहकारी | तरकारी, फलफूल, माहुरीपालन, जुनार, ऊखु, कफी, चिया, जडिबुटी सहकारी |
|---|---|---|---|---|---|---|
| १३,५७८ | ४,३७१ | १०,९२१ | १,६५८ | १,४२३ | ४६३ | ८२८ |

समाचार पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*
– को रिपोर्ट

वैदेशिक रोजगार

# मृतकका परिवारलाई १० लाख क्षतिपूर्ति



**वैदेशिक रोजगारीका लागि परदेश हिंडेका युवाहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रस्थानका लागि समय कुर्दै ।** ● राजकरण महतो

**राजकरण महतो** | *काठमाडौं*

वैदेशिक रोजगारीका क्रममा मृत्यु हुने कामदारका परिवारले क्षतिपूर्तिबापत १० लाख पाउने भएका छन् । वैदेशिक रोजगारीबाट स्वदेश फर्केको एक वर्षभित्र मृत्यु हुने कामदारका परिवारले पनि १० लाख नै क्षतिपूर्ति पाउनेछन् । सरकारले वैदेशिक रोजगार नियमावलीमा संशोधन गरेर क्षतिपूर्ति रकममा वृद्धि गरेको हो । यसअघि वैदेशिक रोजगारीका क्रममा मृतकका परिवारले ७ लाख रुपैयाँ क्षतिपूर्ति पाउँथे ।

केपी शर्मा ओली नेतृत्वको सरकारको सय दिन पुगेको अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले क्षतिपूर्ति रकम वृद्धि गर्ने प्रस्ताव गरेको हो । मन्त्रिपरिषद्ले वैदेशिक रोजगार नियमावली २०६४ को नियम २८ को (२) मा छैटौं संशोधन गर्दै क्षतिपूर्ति रकम वृद्धि गर्ने निर्णय गरेको श्रममन्त्री शरतसिंह भण्डारीले जानकारी दिए ।

वैदेशिक रोजगारीका क्रममा बिरामी परी उपचार खर्च नपाएर मृत्यु हुनेका परिवारलाई पनि १० लाख उपलब्ध गराउने व्यवस्था गरिएको मन्त्री भण्डारीले जानकारी दिए । ‘वैदेशिक रोजगारीमा गएर मृत्यु भएकाका परिवारलाई १० लाखसम्मको राहत दिने, वैदेशिक रोजगारीमा रहेका बेला उपचारका क्रममा मृत्यु भएकालाई उपचार खर्चका साथै राहत रकम दिने काम सुरु गरेका छौं,’ मन्त्री भण्डारीले भने ।

उनका अनुसार कुनै पनि देशमा वैधानिक रूपमा काम गरिरहेका नेपालीलाई नेपाल सरकारले पनि वैधानिक बनाउनका लागि नियोगहरूमार्फत श्रम स्वीकृति लिन सक्ने व्यवस्था गरिएको छ । उनले भने, ‘भिजिट भिसामार्फत भइरहेको दुरुपयोग रोक्नका लागि मन्त्रालयले गम्भीर भएर काम गरिरहेको छ ।’

सरकारको सय दिनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारको क्षेत्रलाई सहज र मर्यादित बनाउने काम गरिएको जनाएको छ । आगामी १० वर्षलाई आन्तरिक रोजगार प्रबर्द्धन दशकका रूपमा सञ्चालन गर्ने रणनीति पनि मन्त्रालयले तयार गरेको छ ।

**भैरहवा र पोखराबाटै श्रम स्वीकृति**

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र क्षेत्रीय विमानस्थल पोखराबाटै श्रम स्वीकृति प्रदान गर्ने कार्य अघि बढाइएको मन्त्री भण्डारीले बताए । उनले भने, ‘श्रम स्वीकृति लगायतका कार्य गर्न सबै सरोकारवालाहरूसँग छलफल गरी प्रतिबद्धता प्राप्त भई सेवा प्रवाह गर्न तयारी पूरा भएको छ ।’ वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई बिनाधितो ऋण उपलब्ध गराउने योजना पनि अघि बढाइएको छ । त्यसका लागि कार्यविधिको मस्यौदा तयार भएर स्वीकृतिको प्रक्रियामा रहेको मन्त्री भण्डारीले जनाए ।

**श्रम सम्झौतालाई डेस्क स्थापना**

दुईपक्षीय श्रम सम्झौतालाई प्राथमिकतामा राखेर काम भइरहेको मन्त्री भण्डारीले जनाए ।

» बाँकी पृष्ठ ६

**श्रम मन्त्रालयका सय दिनका उपलब्धि**

- वैदेशिक रोजगारमा संलग्न कामदारको मृत्यु भएमा १० लाख क्षतिपूर्ति
- सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिकका छोराछोरीलाई समेत बिमा
- भैरहवा र पोखराबाट श्रम स्वीकृति
- सबै प्रदेशमा वैदेशिक रोजगार विभाग र इजाजतपत्रवालाका शाखा विस्तार
- स्पेन, कोरिया(ईपीएस), मलेसिया, ओमान, र यूएईको श्रम सम्झौता एवं रोमानियाका लागि संयुक्त प्राविधिक समिति गठन
- श्रम स्वीकृति नलिएका र वैदेशिक रोजगारीमा रहेका सबै नेपालीलाई श्रम स्वीकृति
- आन्तरिक रोजगार महाशाखा स्थापना
- प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना

Quality Arabica Beans
Roasted Coffee Beans
100% Highland Speciality




उद्यमी बनौं, यही देशका लागि स्वदेशी उत्पादन प्रयोग गरौं ।
+977-985-1099788 Sukhedhara, Ktm www.royalcoffeenepal.com

# १४ वर्षमुनिका बालबालिकालाई क्यान्सरको नि:शुल्क उपचार

**दिनेश गौतम** | *काठमाडौं*

विद्यालय जाने उमेरका बालबालिकालाई क्यान्सर भएको छ ? अब उपचारका लागि भौतारिनु पर्दैन । सरकारले मुलुकका तीनवटा अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको उपचार नि:शुल्क गर्ने भएको छ ।

सन्तानको उपचारका लागि अभिभावकले नै रुपैयाँको जोहो गर्दै आएकोमा अबदेखि सरकारले उपचार खर्च बेहोर्ने भएको हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार नि:शुल्क गर्ने निर्णय गरेका छन् । आइतबार मन्त्रीस्तरीय निर्णय गर्दै उनले सरकारी अस्पतालहरू कान्ति बाल अस्पताल काठमाडौं, भक्तपुर क्यान्सर अस्पताल भक्तपुर र बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनमा क्यान्सरको उपचार सेवा नि:शुल्क गर्ने निर्णय गरेका हुन् ।

गरिबीका कारण क्यान्सर प्रभावित बालबालिकाको समयमै उपचार गरेर ज्यान बचाउन उद्देश्यले नै उपचार नि:शुल्क बनाउने निर्णय गरिएको मन्त्री पौडेलले बताए ।



> गरिबीका कारण क्यान्सरको उपचार गर्न नसक्ने बालबालिकाको समयमै उपचार गरेर ज्यान बचाउने उद्देश्यले नि:शुल्क बनाउने निर्णय गरिएको हो ।
>
> **प्रदीप पौडेल**
> स्वास्थ्यमन्त्री



> सरकारको निर्णय सकारात्मक र स्वागतयोग्य छ । निर्णय कार्यान्वयनमा खासै ठूलो चुनौती छैन । श्रीलंकामा पनि क्यान्सरको नि:शुल्क उपचार भइरहेको छ ।
>
> **डा. प्रकाशराज न्यौपाने**
> अध्यक्ष, नेपाल क्यान्सर सोसाइटी

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार, आगामी मंसिर १ गतेबाट उपचार नि:शुल्क हुने गरी व्यवस्था मिलाइएको छ । मन्त्री पौडेलले आफू पदबहाल गरेको एक सय दिन पूरा गरे लगत्तै ऐतिहासिक निर्णय गरेका हुन् । नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको छ । नेपालमा कुल हुने मृत्युमध्ये दुईतिहाइभन्दा बढी ७१ प्रतिशत नसर्ने रोगका कारण हुने गरेको छ । त्यसमध्ये ११ प्रतिशतको क्यान्सरका कारण ज्यान जाने गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. उज्ज्वल चालिसेका अनुसार, समयमै र नियमित रूपमा उपचार गर्ने हो भने झन्डै ८० प्रतिशत बालबालिकाको क्यान्सर निको हुन्छ । ‘सुरुमा उपचार गराउन ल्याए पनि अधिकांश अभिभावकहरूले पछि -पछि उपचार गर्न छोड्ने गरेको पाइएको छ,’ डा. चालिसले भने, ‘सरकारले नै क्यान्सर प्रभावित बालबालिकाको नि:शुल्क उपचार गर्ने निर्णय गर्नु ऐतिहासिक र सुखद हो । यस निर्णयको कार्यान्वयनले क्यान्सरबाट हुने बालबालिकाको मृत्युदर घटाउन सहयोग पुग्ने छ ।’

स्वास्थ्य मन्त्री पौडेलले कार्यभार सम्हाल्नासाथ पहिलो निर्णय राष्ट्रिय क्यान्सर रणनीति स्वीकृत गरेका थिए ।। त्यसको एक सय दिनपछि नै बालबालिकालाई नि:शुल्क उपचार गराउने निर्णय गराएका हुन् । नि:शुल्क उपचारको निर्णय गर्नु अघि मन्त्री पौडेलले बाल क्यान्सर रोग विशेषज्ञ एवं अस्पतालका निर्देशकहरूसँग छलफल गरेका थिए ।

**के छ चुनौती ?**

सरकारको निर्णय कार्यान्वयनका लागि नि:शुल्क औषधिको उपलब्धता, पर्याप्त पूर्वाधारको व्यवस्था र स्वास्थ्यकर्मीको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार, मन्त्रालयको आन्तरिक स्रोतबाट उपचार खर्च व्यवस्थापन गरिने छ । क्यान्सरको पहिचानदेखि उपचार गर्दासम्म धेरै चरणहरू हुन्छन् । बहुचरण उपचारका लागि अस्पतालमा दुई साताभित्र भौतिक पूर्वाधारसहित थप जनशक्ति व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. चालिसेका अनुसार, बालबालिकामा रक्त क्यान्सर, मस्तिष्क, मिर्गौला र मांसपेशी एवं हड्डीको क्यान्सर बढी पाइएको छ । ‘क्यान्सर भएका बालबालिकाको उपचार वर्षौंसम्म पनि चल्ने गर्छ । त्यसैले खर्च धान्न नसकेर कतिपय अभिभावकले उपचार गराउन छोड्ने गर्छन्,’ डा. चालिसे भन्छन्, ‘सरकारको निर्णयले अब क्यान्सरबाट अकालमै ज्यान जानबाट मद्दत गर्छ ।’ हाल भक्तपुर अस्पतालमा क्यान्सर प्रभावित झन्डै दुई सय बालबालिका उपचाररत छन् ।

क्यान्सर प्रभावित बालबालिकलाई केमोथेरापी, रेडियोथेरापी र सर्जरी (शल्यक्रिया) गर्नुपर्ने हुन्छ । सरकारको निर्णयपछि पहिचान हुन नसकेका मात्र नभई उपचारबाट बञ्चित बालबालिका पनि क्यान्सर उपचार गर्न आउने क्यान्सर रोग विशेषज्ञहरू बताउँछन् ।

» बाँकी पृष्ठ ६